# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, बैशाख ३ गते २०५३ साल (संख्या १

## भाग ३

श्री ५ को सरकार

### युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले भानु जन्मस्थल विकास समिति (गठन) आदेश, २०५२ को दफा ३ को उपदफा २ को खण्ड (क) बमोजिम भानु जन्मस्थल विकास समिति-को अध्यक्षमा श्री रामचन्द्र पौडेललाई तोकेको छ ।

साथै खण्ड (ञ) बमोजिम उक्त समितिको सदस्यहरूमा श्री वासुदेव त्रिपाठी, श्री व्रतराज आचार्य र श्री लक्ष्मी आचार्यलाई मनोनीत गरी दफा ६ बमोजिम कार्यकारी निर्देशक पदमा श्री केदारप्रसाद (संपा) उपाध्यायलाई नियुक्ति गरेको छ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको सचिव

१०३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन नियमावली, २०५१ को नियम ६२ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी २०४६ साल चैत मसान्तसम्म कटान भैसकेको निजी वनको सम्पूर्ण जातको काठ ओसार-पसार गर्ने प्रयोजनको लागि निवेदन सुन्न र आवश्यक जाँचबुझ गरी निर्णय गर्न देहायबमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकेको छ ।

क. समितिको गठनः समितिको गठन देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| १. सम्बन्धित क्षेत्रीय वन निर्देशक | अध्यक्ष |
| २. प्रतिनिधि (अधिकृत स्तर), सम्बन्धित जिल्ला प्रशासन कार्यालय | सदस्य |
| ३. सम्बन्धित जिल्ला विकास समितिले तोकेको सदस्य | सदस्य |
| ४. सम्बन्धित जिल्लाको मालपोत अधिकृत | सदस्य |
| ५. सम्बन्धित जिल्लाको वन अधिकृत | सदस्य-सचिव |

ख. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१. समितिले निजी वनको कटान भैसकेको काठहरू ओसार-पसार गर्न स्वीकृत दिंदा स्थानीय जिल्ला वन कार्यालयमा परेको निवेदन, कार्यालयमा रहेको अभिलेख र अदालतबाट भैरहेको निर्णय समेत हेरी उचित देखिएमा ओसा-रपसार गर्न निर्णय दिनु पर्नेछ ।

२. समितिले निजी वनको काठ ओसार-पसार गर्न सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र गरिसक्ने गरी आदेश दिनेछ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

११०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १२.१.२ बमोजिम काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति भक्तपुर र भक्तपुर नगरपालिकाको संयुक्त संयोजकत्वमा भक्तपुर नगरपालिका क्षेत्रभित्रको वडा नं १ र २ को तपसिलको चारकिल्लाभित्रको लिवाली क्षेत्रमा रहेको जग्गाको विभिन्न कित्ताहरूलाई एकीकरण गरी नगर योजना अनुरूप सेवा सुविधाको व्यवस्था गर्न र त्यस्ता सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बेची असूल गर्न र बाँकी विकसित घडेरीहरू साविककै जग्गा धनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्ड पुलिंग) कार्यक्रम २०५३ श्रावण १ गतेदेखि संचालन गर्न श्री ५ को सरकारबाट मिति २०५२।११।२४ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

पूर्वः– ब्रम्हायणि खोला
पश्चिमः– पासीखेल सडक (शहीद मार्ग)
उत्तरः– ब्रम्हायणि सडक
दक्षिणः– ब्रम्हायणि खोला

आज्ञाले,
डी. बी. भट्टराई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

१११



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।